# विचार

सबै महान् व्यक्ति मध्यम
वर्गबाट नै जन्मेका हन्छन्।
- इमर्सन

कठोरताभन्दा नम्रता, चट्टानभन्दा पानी
र बलभन्दा प्रेम धेरै शक्तिशाली छ।
- हरमन हेल

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# बजेटको बचाउले उब्जाएका प्रश्न

नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले बजेटको विरोध नगर्न आफ्ना पार्टीबाट प्रतिनिधित्व गर्ने सांसदलाई निर्देशन दिनुपर्ने अवस्था सिर्जना भएको छ। यसपटकको बजेटले जनतालाई सम्बोधन गर्न नसकेको भन्दै चर्को विरोध भएपछि प्रधानमन्त्रीले नै बजेटको विषयलाई लिएर हस्तक्षेप गर्नुपर्ने अवस्था सिर्जना हुनु भनेको पक्कै राम्रो विषय होइन। विज्ञ अर्थमन्त्रीले ल्याएको बजेटमा प्रतिपक्षको विरोध हुनु नौलो होइन तर सत्ता पक्षबाटै बजेटको विरोध हुनु पक्कै राम्रो संकेत होइन। कैलालीबाट प्रतिनिधित्व गर्ने नेकपाका सांसद रावलले बजेटले कैलालीलाई नसमेटेको भन्दै सरकारले उपलब्ध गराएको बजेट पुस्तक नै फिर्ता गर्नुले सरकारले जनतामुखी बजेट ल्याउन कञ्जुस्याइँ गरेको हो कि भन्ने आभाष हुन्छ।

अर्थमन्त्रीले ठाउँ-ठाउँमा आफूले ल्याएको व्याख्या होइन, बचाउ गर्नमा नै समय खर्च गर्नुपर्ने अवस्था सिर्जना भएकाले बजेट कस्तो आएको छ भनेर अनुमान गर्न सकिन्छ। बजेटले जनतालाई सम्बोधन र जनजीविकाका सवालमा क्रान्तिकारी हुनुपर्ने थियो। तर, बजेटको बचाउ गर्न प्रधानमन्त्रीले समय नै खर्चनुपर्ने अवस्था सिर्जना हुनुलाई सुखद पटक्कै मान्न सकिन्न। विकास र समृद्धिको नारा दिएर आएको बजेटले मुलुकको आर्थिक समृद्धि गर्ला त ? यो सोचनीय विषय भएको छ। बजेटको प्राथमिकता के-केमा हुनुपर्ने थियो भन्ने विषयलाई सम्बोधन गर्न नसक्दा अहिले बजेटको चौतर्फी विरोध भएको छ। मुलुकको भू-बनोटलाई ध्यानमा राखेर आउनुपर्ने बजेट अर्थमन्त्रीले कसलाई हेरेर ल्याउनुभएको हो, हामीले बुझ्न सकेका छैनौं। नेकपाका सांसदले सार्वजनिकरूपमा अभिव्यक्ति दिइरहनुले बजेट यथार्थताभन्दा पर गएको हो कि भन्ने थुप्रै आशंका जन्माइदिएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले समेत आफूले भनेजति योजना बजेटले नसमेटेको भन्दै बजेटको बचाउ पर्नुपर्ने अवस्था सिर्जना हुनुले प्रधानमन्त्रीको 'सुखी नेपाली र समृद्ध नेपाल' भन्ने नारालाई बजेटले कतै ओझेलमा पार्न खोजेको त होइन ? संघीय सरकारले ल्याएको बजेटलाई प्रदेश र स्थानीय तहले समेत जनताको पक्षमा बजेट नआएको भन्दै सार्वजनिकरूपमा बजेटले कसलाई सम्बोधन गर्न खोजेको हो, त्यो अहिलेसम्म निक्र्योल गर्न नसकेको भन्दै आलोचना गर्नुले अर्थमन्त्रीको विज्ञतामा समेत गम्भीर प्रश्न उठेको छ। बजेटका विषयमा उठेका गम्भीर प्रश्नको उत्तर अर्थमन्त्रीले दिनै पर्छ। यसतर्फ सम्बन्धित निकायको ध्यान जान जरुरी छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# राजनीति, यौनजीवन र मूल्यमीमांसा



कपिल काफ्ले

राजनीतिको मूल्य नेतालाई बढी र आम जनतालाई कम हुन्छ, यद्यपि राजनीतिले नछुने कुनै व्यक्ति हुँदैन। यसरी हेर्दा राजनीतिलाई यौनसँग तुलना गर्न सकिन्छ, किनभने यो पनि जीवनमा प्रायः सबैलाई चाहिने वस्तु हो तर यस विषयमा राजनीतिको जस्तो चर्चा हुँदैन। जबकि राजनीतिले भन्दा बढी यौनले घरपरिवार जोड्ने र फुटाउने काम गर्छ, गरिरहेको छ।

पछिल्ला वर्षमा तुलनात्मकरूपमा यौनका विषयमा नेपाली समाजमा पनि बहस बढेको छ। खास गरी अधिकारकर्मीले राजनीतिक र सामाजिक अधिकारभित्र यौन स्वतन्त्रताको पक्षलाई बलियोरूपमा उठाउन थालेपछि बहसको मूलधारमा यसले पनि स्थान पाउन थालेको छ। अहिले लैङ्गिक समानता तथा सामाजिक समावेशिताको मुद्दा प्राथमिकतामा छ। यौनिक तथा लैंगिक पक्षलाई बिर्सेर 'जेसी' नीतिलाई राज्यले पूर्णता प्रदान गर्न सक्तैन।

नेपालको संविधानलगायतका नीतिगत दस्तावेजमा लिंगका आधारमा कुनै पनि नागरिकमाथि विभेद नगरिने बरु पितृसत्तात्मक सोच र पुरुषप्रधान मानसिकताले ग्रस्त परम्पराका कारण पछाडि पारिएका वर्ग तथा समुदायका लागि समताको रणनीति अख्तियार गर्ने गरी सकारात्मक विभेदको प्रावधान अवलम्बन गर्ने प्रगतिशील मान्यता निर्दिष्ट गरिएको छ। तर यी मान्यता, सोच र प्रावधानहरू व्यवहारतः पूरा भएका देखिँदैनन्। यसो किन भइरहेको छ भनेर खोजी पस्ने हो भने यौन अधिकारका विषयमा अझ पनि समाज संकुचित मनस्थितिमा रहनु नै हो। यौनको मूल्य नबुझ्नु वा बुझेर पनि बुझ पचाउनु नै यसको एक प्रमुख कारण हो। मूल्य बुझ्नकै लागि यहाँ यसको दार्शनिक पक्ष, मूल्यमीमांसाका बारेमा चर्चा गरिन्छ।

> पश्चिमेली दर्शनमा प्लेटोले मूल्यमीमांसाको उदय गराएको र अरस्तुले आचारशास्त्र, राजनीतिशास्त्र र तत्वविज्ञानमा यसको व्याख्या र विकास गरेको देखिन्छ। मानवको उच्च आदर्श खोज्ने क्रममा प्रारम्भिकअवस्थामा मूल्यमीमांसाको व्याख्या ईश्वरप्राप्तिसँग गरिएको छ।

जैविक भिन्नताका आधारमा सामाजिक विभेद सिर्जना भएको सर्वविदित छ। लिंग सत्तामीमांसा (अन्टोलोजिकल) हो भने लैंगिकता ज्ञानमीमांसा हो। यी दुईको विश्लेषणबिना लैंगिक समानताको स्थिति पहिचान हुन सक्तैन। त्यसो त सत्ता र ज्ञानका अतिरिक्त मूल्यमीमांसा पनि छ, जसले बीचको बाटो देखाउँछ। अंग्रेजीमा 'एक्सियोलोजी' भनिने मूल्यमीमांसाले वस्तुको मूल्य स्वरूप, प्रकार र उसको तात्त्विक सत्ताको अध्ययन गर्दछ त्यसैले नै यसलाई ज्ञान र सत्ताको मिश्रित मार्ग वा मध्यमार्ग भनिएको हो। मूल्यमीमांसाले कुनै वस्तुका २ पक्ष हुन्छन् भन्छ। तथ्यले खास वस्तुको वर्णनका साथै त्यसको मूल्य निर्धारण पनि गर्दछ। स्वभावतः यसभित्र वस्तुको गुण-दोषको समीक्षा गर्ने काम पनि पर्न आउँछ। वस्तुको मूल्यको समीक्षा गर्दा त्यसबाट व्यक्तिले पाउने लाभ वा हानी अथवा सुखद् वा दुखद् अनुभूतिको विषयले प्राथमिकता पाउँछ।

मूल्यमीमांसाले स्वभावतः वस्तुको मूल्यमा बढी केन्द्रित भएर हेर्छ। तर चुनौती कहाँनिर हुन्छ भने मूल्य निर्धारण व्यक्तिगत दृष्टिकोण, अनुभव र उसले भोगेको परिवेशमा निर्भर गर्दछ। काठमाडौंमा हुर्की-बढी गरेको सम्भ्रान्त वर्ग र कालिकोटको कृषकले लैंगिक समानतालाई एकैरूपमा बुझ्न सक्तैन। राजधानीका बासिन्दाका लागि 'श्रीमान्-श्रीमती दुवै सरकारी जागिरे, सँगै घर फर्किएपछि श्रीमती किचेनमा चिया बनाउन पस्ने श्रीमान् टेलिभिजन खोलेर किन सोफामा बस्ने?' भन्ने सबाल लैंगिक समानताको कडी हुनसक्छ भने कालिकोटमा 'ठूलीले घाँस जाँदा उतै बच्चा पाइछ, ऊ हिँडेरै घर फर्किछ, श्रीमान्ले घाँसको भारी पिठ्युँमा र बच्चा हातमा बोकेर ल्याएछ' भन्ने विश्लेषण लैंगिक समानतामा समेटिन्छ। कालिकोटको ग्रामीण कृषक परिवारका लागि मानवअधिकारका दृष्टिले हेर्दा देखिने सुरक्षित मातृत्व, बालअधिकार र प्रजनन् स्वास्थ्य आदि सबाल नै बन्दैनन् भने राजधानीमा चिया र सोफा सबाल बन्छन्।

सर्वविदित छ, सामाजिक-आर्थिक-धार्मिक-कानुनी आदि दृष्टिले श्रीमतीका लागि श्रीमान्को मूल्य बढी, तर श्रीमान्का लागि श्रीमतीको मूल्य न्यून हुने लैंगिकतामा नेपाली समाज छ। अर्कातिर प्रणयपूर्ण सम्बन्ध, यौन सन्तुष्टि, बात्सल्यता प्रबर्द्धन, घर-व्यवहारको व्यवस्थापन आदिमा भने पुरुषका लागि महिलाको मूल्य अधिक छ। खुलारूपमा यस यथार्थलाई स्वीकार गर्न तथाकथित 'पुरुषत्व'ले पुरुषलाई नदिएको अवस्था देखिन्छ तर सत्य यही हो।

पश्चिमेली दर्शनमा प्लेटोले मूल्यमीमांसाको उदय गराएको र अरस्तुले आचारशास्त्र, राजनीतिशास्त्र र तत्त्वविज्ञानमा यसको व्याख्या र विकास गरेको देखिन्छ। मानवको उच्च आदर्श खोज्ने क्रममा प्रारम्भिक अवस्थामा मूल्यमीमांसाको व्याख्या ईश्वर प्राप्तिसँग गरिएको छ। तर पछिल्ला दार्शनिकले धार्मिक पक्षका अतिरिक्त सामाजिक र आर्थिक विधामा पनि यसको व्याख्या गरेका छन्। दार्शनिक कान्टले मूल्यमीमांसालाई सौन्दर्य तथा धर्मका विषयमा यसको सुन्दर व्याख्या गरेका छन् भने हिगेलले आध्यात्मवादमा आचार, कला र धर्मको मूल्य स्थापित गर्ने प्रयास गरेका छन्। १९औं शाताब्दीमा आएर भने विकासवादी सिद्धान्त, समाजशास्त्र, मनोविज्ञान र अर्थशास्त्रलाई पनि मूल्यमीमांसाका दृष्टिले व्याख्या गरियो।

केही दार्शनिक भन्छन्- 'ईच्छाको तृप्ति नै मूल्य हो'। कतिको भनाइ छ- 'सुखको प्राप्ति र अनुभूतिले मूल्य निर्धारण गर्दछ।' यस्तै अभिरुचि, प्राथमिकता, तर्कसंगत ईच्छा आदिलाई दार्शनिकले मूल्यमीमांसाको मापदण्डका रूपमा लिएका छन्। अधिकांशका विचारमा मूल्यमीमांसाको पहिचान स्वतन्त्र छैन बरु सापेक्ष छ। व्यक्तिको रुचि, अरुचि, मानसिक स्थिति र आवश्यकतामा निर्भर गर्दछ। तर कतिपय दार्शनिकका विचारमा मूल्य रूप, रस, गन्धजस्तै विषयगत मान्दछन्। कति दुवैको संयोजनमा यसको अस्तित्व देख्छन्। मूल्यको २ प्रकारको चर्चा गर्दै दार्शनिक शुभ, सत्य, शिव, सुन्दर र पवित्रलाई अन्तर्वर्ती मूल्य मान्दछन् भने कति शारीरिक कल्याण, सम्बन्ध र क्रीडालाई। यहाँनिर रमाइलो पक्ष के छ भने हरेक सत्य वस्तुमा मूल्य नहुन सक्छ किनभने कतिपय सत्यले व्यक्तिको जीवनमा कुनै मूल्य राख्दैन। चरा आकाशमा उड्छ- सत्य हो, तर कुनै व्यक्तिलाई चरा आकाशमा उडेको दृश्यले न त आनन्दित बनाउँछ न त त्यसबाट कुनै लाभ प्राप्त हुने जानकारी नै छ। यसरी हेर्दा, सूचनाको अधिकार प्राप्त नभएका र अधिकारलाई सदुपयोग गर्न नसक्ने व्यक्तिका लागि र सो अधिकार पाएका व्यक्तिका लागि मूल्यमीमांसा फरक हुने देखिन्छ।

नेपाली नागरिकका सन्दर्भमा यो पक्ष अत्यन्त महत्त्वपूर्ण छ किनभने कानुनले सूचनाको हक दिएर पनि यसको सदुपयोग गर्न नसक्नेको जमात हामीकहाँ ठूलो छ। यसभित्र खास गरी महिला र किशोरी बढी छन्। 'भजाइना मनलग' का लेखिका इभ इन्सलरले 'यौन चरम सुख' अर्थात् 'अर्ग्याजम'का बारेमा विश्लेषण गर्दै भनेकी छन्- 'सूचनाको अभावले प्राकृतिकरूपमा प्राप्त हुने 'अर्ग्याजम'बाट आजीवन वञ्चित महिलाको परिमाण विश्वमै ठूलो छ। सूचनाको हकबाट महिला र किशोरीलाई वञ्चित गराइएका कारण त्यसको आनन्दबारे जानकारी नै नभई बालिका किशोरी हुन्छिन्, आमा बन्छिन्, 'मेनोपोज' हुन्छ र उनी वृद्धा बन्छिन्। उनी आजीवन यौनसम्बद्ध मानवअधिकारबाट वञ्चित हुन्छिन्।

पुरुष 'यौन चरम सुख' हासिल गरिरहेको हुन्छ, हासिल गर्न पाएन भने श्रीमती बदलिरहन्छ तर महिलालाई यसका बारेमा जानकारी नै हुँदैन, आनन्दको कुरै रहेन। निश्कर्षमा यौनको मूल्य महिला र पुरुषमा भिन्न हुने भयो। मूल्यमीमांसाले यही भन्छ- 'कुनै वस्तुबाट अनुभूत गरिने सुख, लाभ र सन्तुष्टि नै मूल्य हो।' नेपाली महिलाका लागि यौनको मूल्य जति छ, पुरुषका लागि त्योभन्दा निकै बढी छ, किनभने ऊ हरेक पटक यौन चरमसुख प्राप्त गरिरहेको हुन्छ, जबकि अधिकांश महिलाका लागि यो बिनाकामको सिकसिको मात्र सावित हुन्छ।

यही तथ्यलाई विश्लेषण गर्ने हिन्दी चलचित्र 'भीरे दी वेइडिङ' नेपाली हलमा चलिरहेको छ। ४ महिला यौन सम्पर्कबाट यसको मूल्य बढाउने प्रयासमा लागिरहेका छन्। यौन प्राणी जीवनको अभिन्न सत्य हो जसले जीवनलाई सफल वा असफल बनाउन र मानवअधिकारको पूर्ण सदुपयोग गर्न सघाउँछ। यो यथार्थ स्वीकार गर्ने अधिकारकर्मीले छोरा छोरीलाई 'भीरे दी वेइडिङ' हेर्न खर्च दिएर हलतिर पठाइदिए हुन्छ।

## पाठक पत्र

### खै गाउँ-गाउँमा बैंक

शहरी क्षेत्रका जनताले मात्र बैंकिङ सुविधाको उपयोग गर्न पाएका छन्। नेपालमा कुल जनसंख्याको ४० प्रतिशतले मात्र बैंकिङ सुविधा पाएको तथ्यांक छ। बढी अवसर र लाभका हिसाबले बैंकहरू बढी सहरकेन्द्रित भएका छन्। जिल्ला सदरमुकाम र व्यावसायिक गतिविधि बढी भएका केही क्षेत्रमा बाहेक बैंकको उपस्थिति अझै न्यून छ।

२८ वटा वाणिज्य बैंक सञ्चालनमा छन्। सरकार स्वामित्वको राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक र नेपाल बैंक लिमिटेडबाहेक निजी क्षेत्रबाट स्थापना भएका बैंकको ग्रामीण क्षेत्रमा उपस्थिति ज्यादै न्यून देखिएको छ। अझै ६० प्रतिशत जनसंख्या बैंकिङ पहुँच नभएको अवस्थामा सरकारले ग्रामीण क्षेत्रमा पनि बैंक सुविधा पुर्‍याउने तयारी थालेको पनि धेरै भइसकेको छ। गठन भएका ७ सय ५३ स्थानीय तहमा बैंकिङ सुविधा पुग्ने सरकारले कार्यक्रम बनाए पनि अझै पुगेको अवस्था छैन। ग्रामीण क्षेत्रमा राष्ट्रिय वाणिज्य, कृषि विकास र नेपाल बैंकको शाखा बढी छन्। कृषि विकासको दुर्गम क्षेत्रमा सबैभन्दा बढी शाखा रहेका छन्। निजी बैंकलाई पनि ग्रामीण क्षेत्रमा लैजान सरकारले पहलकदमी चाल्नु जरुरी छ।

निजी लगानीमा खुलेका बैंक कारोबार कम हुने भएकाले प्रतिफल कम आउने र ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्न सहज नभएको भन्दै ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्न अझै आनकानी गरिरहेको अवस्था छ। जनसंख्या कम, प्राविधिकको प्रयोगमा समस्या र लागत बढी हुने, जनशक्तिको व्यवस्थापनमा समस्या भन्दै निजी बैंक पछि हट्दै आएका छन्।

राष्ट्र बैंकले असारसम्म सबै तहमा शाखा विस्तार गर्न सबै बैंकलाई निर्देशन दिएको छ। अहिलेको तयारी हेर्दा असारसम्म सबै स्थानीय तह बैंकिङ पहुँचमा पुग्ने देखिएको छैन। बैंकले जाने भनेका छन् तर शाखा बिस्तार शहरतर्फ मात्र केन्द्रित भएका छन्। राष्ट्र बैंकले दुर्गम क्षेत्रमा शाखा खोल्ने बैंकलाई १ करोड रूपियाँ निब्र्याजी सहुलियत ऋण पनि दिने भनेको छ। यो सुविधाले पनि बैंक ग्रामीण क्षेत्रमा जान मानिरहेका छैनन्। बैंकिङ व्यवसाय नाफामुखी हुनुपर्छ, नाफा कमाउन बैंक खुलेको हो। बैंकको पहिलो प्राथमिकता नाफा नै हुनुपर्छ भन्नेमा दुईमत छैन। तर जनताको पैसाबाट चलेका बैंकले जनतामाझ जान ढिलासुस्ती गर्नु राम्रो होइन। ग्रामीण क्षेत्रमा बैंक गएपछि स्वतः त्यहाँ निक्षेप परिचालन बढ्ने देखिएको छ। घरमा रहेका साना पुँजी बैंकिङ प्रणालीमा आउनेछ। यसका अतिरिक्त कर्जा लगानीमा पनि बिस्तार भई गाउँमा आर्थिक गतिविधि बढ्नेछ। जसले गर्दा ग्रामीण अर्थतन्त्र चलायमान भई समग्र देशको आर्थिक वृद्धिमा टेवा दिनेछ।

ग्रामीण क्षेत्रमा सहकारी र लघुवित्तीय संस्थाले सेवा दिइरहेका छन्। सरकारले प्रत्येक स्थानीय तहमा कम्तिमा वाणिज्य बैंकको एउटा शाखा हुनुपर्ने भनेको छ। सरकारले ल्याएको कार्यक्रमअनुसार राष्ट्र बैंकले निर्देशन दिइसकेपछि निजी बैंकले विस्तारमा ढिलाइ गर्नु हुँदैन। प्रत्येक तहमा बैंकिङ सेवा पुगेपछि सेवा लिनको संख्या बढ्नेछ। राष्ट्र बैंकसँग विभिन्न क्षेत्रमा शाखा विस्तारका लागि गरेको प्रतिबद्धता पूरा हुनुपर्छ। यसमा सरकार र राष्ट्र बैंकले छिटोभन्दा छिटो ग्रामीण तहमा बैंक पुर्‍याउन जरुरी देखिएको छ।

*तुलाराम नेपाली, दैलेख*

### विकासका नाममा भ्रष्टाचार

स्थानीय सरकारले आफ्ना काम थालनी गरिरहेको देखिएको छ। तीव्र विकासको चाहना भएका आम नागरिकले विकासप्रतिको अपनत्व ग्रहण गर्न नसकेकाले समस्या देखिएको छ भने गाउँ वा नगरको विकासका लागि चुनिएका जनप्रतिनिधिले कतिपय विषयमा स्पष्टरूपमा पार्टीगत र एकलौटी विकासको खाका तयार गरेका कारण विभिन्न स्थानीय तहमा भिन्न-भिन्न प्रकृतिका असन्तुष्टि देखिएका छन्।

विभिन्न असन्तुष्टिको समाधान छलफल, बहस र पैरवी नै हो भन्ने कुराको जिम्मेवार निकायले हेक्का राख्नुपर्ने देखिएको छ। विरोधका नाममा विरोध मात्र नभएर विकासमा देखिएका समस्या समाधान गरेर निर्माण भएका सबै भौतिक पूर्वाधारको दिगोपना, पारदर्शिताको अभियानको थालनी भएको छ, यो सकारात्मक कुरा हो।

विकासमा बदमासी हुने गरेका घटना यसपाली मात्र घटेका होइनन्। उपभोक्ता समितिमा बसेकै नाममा लाखौं कमाउन खोज्ने मानसिकता हाम्रो समाजकै हो, जो विगतदेखि नै जीवित छ। ओभरसियर प्राविधिले नै सिधै कमिसन मागेर योजना फरक-फरकका काम गर्ने गरेका गुनासा अहिलेका मात्र होइनन्। यस्ता धेरै चुनौतीलाई अहिले निर्वाचित जनप्रतिनिधिले चिर्नुपर्ने कुरालाई ध्यान नदिनुले पनि गुनासा बढेका छन्।

विकासमा देखिएका ठूला समस्या अहिलेसम्म समाधान हुन सकेको छैन। अहिले स्थानीय सरकारले पहिलो वर्षको कामको थालनी गर्दै गर्दा कतिपय विकासका कुरामा देखिएको तीव्र गुनासो सम्बोधनको जिम्मेवारी पनि स्थानीय सरकारले लिनुपर्ने देखिन्छ। किनकी अब प्रतिपक्षको भूमिका निर्वाह गर्ने महत्त्वपूर्ण निकायको समेत अभाव देखिएको छ। दैलेखमा देखिएको यो समस्या समाधानका लागि स्थानीय सञ्चारकर्मी र सञ्चार माध्यमको खबरदारीको भूमिका महत्त्वपूर्ण हुनुपर्ने अहिलेको आवश्यकता हो।

*शरद पौडेल, कीर्तिपुर*

## सामाजिक सञ्जाल



एउटाले स्कुल बन्द भन्यो, सबका सब बन्द। देशमा सरकार छैन? कसले किन बन्द गरायो? सोधखोजसमेत नगरिकन रमिता हेर्‍यो बस्यो, स्कुललाई त झन् हाइसन्चो।

**Sama Thapa**
**@samathapa**



चक्कु चलाएर शल्यक्रियाको उद्घाटन गर्दासम्म केही नहोला तर मुसा मार्ने औषधि खाएर बिषादी फ्याक्ट्रीको उद्घाटन नगरून् मेयर सापले!

**Sudhamshu K.C.**
**@Drsudhamshu**